# नाम्खा गाउँपालिकाको आर्थिक ऐन,२०७६

गाउँ सभाबाट पारित मितीः २०७५।०३।१०

**प्रस्तावनाः** नाम्खा गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम नाम्खा गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नाम्खा गाउँपालिकाको आर्थिक ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन २०७६ साल श्रावण १ गतेदेखि नाम्खा गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **भूमि कर (मालपोत)ः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

३. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (१) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (१) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (१) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (१) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (१) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (१) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (१) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **सेवा शुल्क,दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **सरसफाइ शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१) मा उल्लिखित दरमा सरसफाइ शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१३. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१४. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

# अनुसूचि १

| नाम्खा गाउँपालिकाको आ.व. २०७६।०७७ को आन्तरिक राजश्वतर्फ कर, दस्तुर, शुल्कको स्वीकृत दरहरु | | | |
|---|---|---|---|
| सि.नं. | राजश्वको क्षेत्रहरु | चालु आ.व. ०७५।०७६ को प्रस्ताविक दर रु. | आ.व. २०७६।०७७ को प्रस्तावित दर |
| १ | घरजग्गा नामसारी सिफारिस | १०० | १०० |
| २ | घर कायम सिफारिस | १०० | १०० |
| ३ | छात्रवृत्ति सिफारिस | ० | ० |
| ४ | विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिस तथा अपांगता सिफारिस | ० | ० |
| ५ | स्थायी वासेवास | १०० | १०० |
| ६ | नागरिकता सिफारिस | ५० | ५० |
| ७ | अंगिकृत नागरिकता सिफारिस | १००० | १००० |
| ८ | आर्थिक अवस्था सम्बन्धी सिफारिस | ५० | ५० |
| ९ | जिवित रहेको सिफारिस | १०० | १०० |
| १० | जन्ममिति, नाम थर संशोधन सिफारिस | १०० | १०० |
| ११ | जग्गा मूल्यांकन तथा सम्पति विवरण अन्य सम्बन्धी सिफारिस | १०० | १०० |
| १२ | व्यवसाय बन्द सिफारिस | १०० | १०० |
| १३ | व्यापार व्यवस्था नभएको सिफारिस | १०० | १०० |
| १४ | अदालत शुल्क मिनाहा सिफारिस | १०० | १०० |
| १५ | नावालक सिफारिस | २५ | २५ |
| १६ | व्यवसाय दर्ता सर्जमिन सिफारिस मुचुल्का सिफारिस | १०० | १०० |
| १७ | उद्योग ठाउँ सारी सिफारिस | १०० | १०० |

नाम्खा गाउँपालिका

| | | | |
|---|---|---|---|
| १८ | विद्यालय ठाउँ सारी सिफारिस | १०० | १०० |
| १९ | आन्तरिक वसाई सराई सिफारिस | १०० | १०० |
| २० | विद्यालय कक्षा वृद्धि सिफारिस (निजी) | १०० | १०० |
| २१ | पूर्व प्रा.वि. खोल्ने तथा निजी विद्यालय खोल्ने अनुमति सिफारिस | १०० | १०० |
| २२ | व्यक्तिगत विवरण सिफारिस | ५० | ५० |
| २३ | जग्गा दर्ता सिफारिस रोपनी | १०० | १०० |
| २४ | जग्गा नामसारी सिफारिस | १०० | १०० |
| २५ | संरक्षक सिफारिस व्यक्तिगत | ० | ० |
| २६ | अस्थायी वसोवास सिफारिस | १०० | १०० |
| २७ | जग्गा घर कित्ता काट सिफारिस प्रति रोपनी | १०० | १०० |
| २८ | सरकारी तथा सार्वजनिक वाटो कायम सिफारिस | १०० | १०० |
| २९ | नाता प्रमाणित सिफारिस (नेपाली) | २५ | २५ |
| ३० | नाता प्रमाणित सिफारिस (विदेशी) | १०० | १०० |
| ३१ | कोठा खोल्ने, रोवहमा वस्ने सर्जिमिन | १०० | १०० |
| ३२ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | २५ | २५ |
| ३३ | स्वास्थ्य शिविर विरामी नाम दर्ता शुल्क | २० | २० |
| ३४ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउनु पर्ने सिफारिस | ५० | ५० |
| ३५ | अन्य कार्यालयको माग अनुसार रोहवरमा वस्नु पर्ने | १०० | १०० |
| ३६ | संस्था दर्ता सिफारिस (नाफामूलक) नविकरण | २०० | २०० |
| ३७ | संस्था दर्ता सिफारिस (गैह्मनाफामूलक) नविकरण | १०० | १०० |
| ३८ | INGO को हकमा प्रति वर्ष दर्ता शुल्क | १००० | १००० |
| ३९ | घरवाटो प्रमाणित मुल सडक, सहायक बाटो, कच्ची | २०० | २०० |

| | | | |
|---|---|---|---|
| | वाटो गोरेटो वाटो | | |
| ४० | चार किल्ला प्रमाणित । चार आना र सो भन्दा वढि | २०० | २०० |
| ४१ | जन्ममिति प्रमाणित (२०४७ साल भन्दा अघि) | १०० | १०० |
| ४२ | विवहा प्रमाणित (२०४७ साल भन्दा अघि) | १०० | १०० |
| ४३ | घर पातल प्रमाणित | १०० | १०० |
| ४४ | मन्जुरीनाम कागज अन्य प्रमाण लाग्ने कागज प्रमाणित | १०० | १०० |
| ४५ | संरक्षक प्रमाणित | १०० | १०० |
| ४६ | हकदार प्रमाणित | १०० | १०० |
| ४७ | अन्य प्रमााण्ति | १०० | १०० |
| ४८ | अविवाहित प्रमाणित | १०० | १०० |
| ४९ | ज.अ.द. प्रमाण पुर्जा हराएको सिफारिस | १०० | १०० |
| ५० | पूर्जा घर कायम गर्न सिफारिस | १०० | १०० |
| ५१ | अंग्रेजी सिफारिस तथा प्रमाणित | १०० | १०० |
| ५२ | मिलापत्र कागज | १०० | १०० |
| ५३ | नाता प्रमााण्ति | १०० | १०० |
| ५४ | व्यक्तिगत घटना दर्ता ३५ दिन पछिको | ५० | ५० |
| ५५ | काउन्सील भेरिफीकेशन | १०० | १०० |
| ५६ | फिल्म छायांकन विदेशी, सार्क, नेपाली | ५५०००,२५०००,२००० | ५५०००,२५०००,२००० |
| ५७ | स्यूजिक भिडियो छायांकन नेपाली | ५००० | ५००० |
| ५८ | इन्जिनियरीड दर्ता, नविकरण, सुचिकृत शुल्क | ५०० | ५०० |
| ५९ | व्यवसायिक पशु पालन (प्रति गोठ प्रति वर्ष) | २०० | २०० |
| ६० | भवन निमांण नक्शा स्वीकृत गराएमा प्रति वर्ग फुट | १० | १० |

| | | | |
|---|---|---|---|
| ६१ | निर्माण भएको घर नक्शा स्वीकृत गराएमा प्रति वर्ग फुट | १० | १० |
| ६२ | व्यवसायिक भिडियो कर (केवल संचालक) | १००० | १००० |
| ६३ | हल्का सवारी कर | ५००० | ५००० |
| ६४ | ठूलो । हेभी सवारी कर | १०००० | १०००० |
| ६५ | सामान्य किराना पसल | ३०० | ३०० |
| ६६ | मासु पसल | ५०० | ५०० |
| ६७ | फलफुल तथा जुस पसल | २०० | २०० |
| ६८ | फलफुलको बोट विरुवा पसल | २०० | २०० |
| ६९ | डिपार्टमेन्ट स्टोर | १००० | १००० |
| ७० | पार्टी प्यालेस | २००० | २००० |
| ७१ | रेष्टुराँ | ५०० | ५०० |
| ७२ | चिया पसल | १५० | १५० |
| ७३ | होटल लज तथा गेष्ट हाउस | २००० | २००० |
| ७४ | तारे होटल | २५०० | २५०० |
| ७५ | विद्यालय , प्रावि, निमावि, मावि र कलेज (निजी) | २००-४००/ १००० | २००-४००/ १००० |
| ७६ | उद्योग ठाउँ सारी सिफारिस | १००० | १००० |
| ७७ | पर्खाल, वार भित्ता आदिमा पोतिएको प्रति वर्ग फुट | ५० | ५० |
| ७८ | पोल व्यानर | १०० | १०० |
| ७९ | होडिङ वोर्ड प्रति वर्ग फुट | २० | २० |
| ८० | बहाल कर | १०% | १०% |
| ८१ | १ रोपानी भन्दा कमको सवै जम्माहरुमा | १० | १० |
| ८२ | क वर्ग | १५ | १५ |
| ८३ | ख वर्ग | १० | १० |

| | | | |
|---|---|---|---|
| ८४ | ग वर्ग | ५ | ५ |
| ८५ | घ वर्ग | ४ | ४ |
| ८६ | ङ वर्ग | ३ | ३ |
| ८७ | च वर्ग | २ | २ |
| ८८ | वर्गिकरण नभएको जग्गा हकमा | १ | १ |
| ८९ | हाट वजार पसल कर | २५ | २५ |
| ९० | वहाल बिटौरी कर (प्रति घर) | ५०० | ५०० |
| ९१ | घर घट्ट कर | १०० | १०० |
| ९२ | ढुंगा चट्टा संख्या १ को | १०० | १०० |
| ९३ | खानी ढुंगा पलेउटा १ घ.मी.को | २०० | २०० |
| ९४ | कटुकी निकासी (प्रति के.जी.) | ५ | ५ |
| ९५ | भोल्ते निकासी (प्रति के.जी.) | २ | २ |
| ९६ | हातिजरा निकासी (प्रति के.जी.) | १० | १० |
| ९७ | च्याउ निकासी (प्रति के.जी.) | १०० | १०० |
| ९८ | सुगन्धवाल निकासी (प्रति के.जी.) | ५० | ५० |
| ९९ | चिराइतो निकासी (प्रति के.जी.) | १० | १० |
| १०० | सिलाजित निकासी (प्रति के.जी.) | ५० | ५० |
| १०१ | यार्चा गुम्बा निकासी (प्रति के.जी.) | १००० | १००० |
| १०२ | पदमचाल निकासी (प्रति के.जी.) | १० | १० |
| १०३ | भोजपत्र निकासी (प्रति के.जी.) | २ | २ |
| १०४ | वन लसुन निकासी (प्रति के.जी.) | ३०० | ३०० |
| १०५ | मित्रराष्ट चिनको ताक्लाकोट नाकावाट हिल्सा आउने पर्यटक प्रति व्यक्ति सरसफाइ शुल्क (सार्क मुलुकका नागरिक) | ११०० | ११०० |

| | | | |
|---|---|---|---|
| १०६ | मित्रराष्ट चिनको ताक्लाकोट नाकावाट हिल्सा आउने पर्यटक प्रति व्यक्ति सरसफाई शुल्क (सार्क मुलुक बाहेक अन्य मुलुकका नागरिक) | १५०० | १५०० |
| १०७ | सिमकोट बाट हिल्सा आउने पर्यटक प्रति व्यक्ति सरसफाइ शुल्क (सार्क मुलुकका नागरिक) | ११०० | ११०० |
| १०८ | सिमकोट बाट हिल्सा आउने पर्यटक प्रति व्यक्ति सरसफाइ शुल्क (सार्क मुलुक बाहेक अन्य मुलुकका नागरिक) | १५०० | १५०० |
| १०९ | नाम्खा गाउँपालिकाको हिल्सा हेलिप्याडमा हेलिकप्टर अवतरण गर्दा प्रति हेलिकप्टर फ्लाइटमा सरसफाई सेवा शुल्क | ३०० | ३०० |
| ११० | जिल्ला मित्रका पशु वस्तुहरु यस नाम्खा गाउपालिका वन क्षेत्रमा चरी चराउन तथा गोठ राखेमा प्रति वस्तु वा प्रति गोठ चार्ज हप्ता, महिना, बार्षिक | १००/५ | १००/५ |

नाम्खा गाउँपालिका